# 多言語情報コーナー　　（令和５年　５月号）

## (१) अटोमोबाइल (कार) कर र हल्का सवारी साधन (मिनी कार) कर बारे जानकारी !

प्रत्येक बर्षको अप्रिल १ मा, सवारी साधनको मालिकले कर तिर्नु पर्ने हुन्छ। एकझस्ट ग्यासको विस्थापन मात्रा ६६० सी.सी. भन्दा बढी भएका सवारी साधनलाई अटोमोबाइल कर, एकझस्ट ग्यासको विस्थापन मात्रा ६६० सी.सी. भन्दा कम भएका हल्का सवारी साधन र मोटर साईकल लाई हल्का सवारी साधन कर तिर्नु पर्दछ।

मे महिनामा प्रवेश गरेपछि, सवारी साधन भएका मालिकहरुलाई, अटोमोबाइल कर र हल्का सवारी साधन कर कति तिर्नुपर्छ भनि लेखिएको कागज (कर भुक्तानी अधिसूचना) पठाईन्छ। तिर्नुपर्ने कर रकम सवारी साधन को प्रकार मा निर्भर गर्दछ।

यो बर्षको कर तिर्नु पर्ने म्याद मे महिनाको ३१ तारिक हो। कृपया म्याद भित्रै कर भुक्तानी गरौं।

म्याद भित्र अटोमोबाइल कर भुक्तानी गर्न असमर्थ व्यक्तिले तोचिगी कर कार्यालयमा र हल्का सवारी साधन कर भुक्तानी गर्न असमर्थ व्यक्तिले शियाकुस्योको जेईमु-का (कर विभाग) गई परामर्श गर्नुहोला।

## (२) सम्पत्ति कर र नगर योजना कर बारे जानकारी !

हरेक बर्ष जनवरी महिनाको १ तारिक, जग्गा, घर, काममा प्रयोग गरिने मेशिन र औज़ार आदि मूल्यह्रास हुने सम्पत्ति भएका व्यक्तिले सम्पत्ति कर तिर्नु पर्दछ।

मे महिनामा प्रवेश गरेपछि, कर रकम लेखिएको कागज "कर भुक्तानी अधिसूचना" शियाकुस्योबाट हुलाक मार्फ़त पठाईन्छ।

सम्पत्ति कर चाँही, एक पटकमा पुरै रकम भुक्तानी गर्न अथवा बर्षमा ४ किस्तामा विभाजित गरेर पनि भुक्तानी गर्न सकिन्छ।

करको पुरै रकम अथवा पहिलो किस्ता भुक्तानी गर्ने म्याद मे महिनाको ३१ तारिक हो। कृपया म्याद भित्र कर भुक्तानी गरौं।

सम्पत्ति कर, हल्का सवारी साधन करको सन् २०२३ सालमा जारी गरिएको भुक्तानी अधिसूचनामा, एकीकृत स्थानीय करहरूको लागि **QR** कोड छापिएको छ। यो **QR** कोड प्रयोग गरेर, स्मार्टफोन भुक्तानी एपहरू, क्रेडिट कार्डहरू, र इन्टरनेट बैंकिङ आदि विभिन्न तरिकाले भुक्तानी गर्न सकिने भएकोछ।

यदि तपाईंलाई कर भुक्तानीको भर्पाई चाहिन्छ भने, कृपया शियाकुस्योको काउण्टर, अथवा कन्भिनियंस स्टोरहरुमा गई भुक्तानी गर्नहुन अनुरोध गरिन्छ।

## (३) साईकल चढ़दा हेल्मेट लगाउने बारे जानकारी !

सन् २०२३ साल अप्रिल १ तारिक देखि, सड़क यातायात नियम परिवर्तन भएर सबै साईकल प्रयोग कर्ताहरुलाई हेल्मेट लगाउन अनिवार्य भएकोछ।
"प्रयासको दायित्व" भन्नाले, सकारात्मक तरिकाले लगाउने कोशिस गर्ने आवश्यकता भएको अर्थबाट, हेल्मेट लगाएन भन्दैमा सजाय हुने कुरा होईन।
तर, महानगरीय प्रहरी विभागका अनुसार साईकल चलाऊँदा हुने सवारी दुर्घटनामा मृत्यु हुनेहरु मध्ये ६० प्रतिशतको टाउकोमा गम्भीर चोट लागेको र साईकल चलाऊँदाको यातायात दुर्घटनामा, हेल्मेट नलगाएका व्यक्तिहरुको मृत्यु दर, हेल्मेट लगाएका व्यक्तिहरु भन्दा २.१ गुना उच्च देखिएको छ।
दुर्घटनाको जोखिम कम गर्न साइकल चलाउँदा हेल्मेट लगाउनुपर्छ।
हेल्मेट किन्दा, सकेसम्म सुरक्षाको दृष्टिकोणले उच्च गुणस्तर प्रमाणित गर्ने "**SG** मार्क" भएको हेल्मेट छनौट गरौं।
हेल्मेट, साईकल पसल र होम सेण्टर आदि ठाऊँहरुमा किन्न सकिन्छ।

## (४) नौलो कोरोना भाईरस संक्रमण बारे जानकारी !

यहि मे 8 तारिकमा, नौलो कोरोनाभाइरस संक्रामक रोगलाई संक्रामक रोग ऐन अन्तर्गत "श्रेणी 5 संक्रामक रोग" को रूपमा वर्गीकृत गरिने भएकोछ।

यदि यसलाई श्रेणी 5 संक्रामक रोगमा परिवर्तन गरियो भने, सरकारलाई आपतकालिन अवस्था घोषणा गर्ने जस्ता प्रतिबन्धहरु लगाउन आवश्यक हुनेछैन।

चिकित्सा संस्थानहरू पनि संक्रामक रोगहरूको लागि नामित चिकित्सा संस्थानहरू र ज़्वरोका ओ.पि.डि. विभाग आदि अतिरिक्त पनि, व्यापक चिकित्सा संस्थानहरुले सम्हाल्न सक्षम हुनेछन्। अस्पताल भर्ना र परीक्षणको लागि चिकित्सा खर्च पूर्ण रूपमा सार्वजनिक कोषबाट वहन गरिएको थियो, तर अब देखि खर्चको एक-भाग बिरामीले वहन गर्नु पर्नेछ।

मास्क लगाउनु पनि व्यक्तिगत निर्णयमा छोडिने छ।

थप रूपमा, देशले हरेक दिन संकलन गर्ने संक्रमितहरुको संख्याको अभिलेख पनि प्रसारण हुने छैन।

विशेष गरी, मास्क लगाउने कुरा चाँही, व्यक्तिगत निर्णयलाई कदर गरेर, मानिसहरुलाई उनिहरुको इच्छा विरुद्ध मास्क लगाउने कुरामा बाध्य पार्ने कुरा पनि रहने छैन। तर, कुनै चिकित्सा संस्थामा जाँदा, वृद्धवृद्धाहरु भएका चिकित्सा संस्था र वृद्धाश्रम आदि ठाऊँहरुमा जाँदा, भीड़भाड़ भएको रेल वा बसमा यात्रा आदि गर्दा भने, आफूलाई संक्रमणबाट जोगाउने उपायको रूपमा मास्क लगाउन प्रभावकारी हुन्छ।

सरकारले अब संक्रामक रोगहरु विरुद्ध आधारभूत उपायहरुको जस्तै हातको कीटाणुशोधन, भेंटिलेशन र **3C** हरु बाट बच्ने बारे समान रूपले माग गर्नेछैन। सरकारबाट, व्यक्ति र व्यवसायीहरुको लागि निर्णय गर्न उपयोगी जानकारीहरु प्रदान हुनेछ।

थप रूपमा, सन् २०२५ मा पनि स्व-भुक्तानी बिना सबै मानिसहरूका लागि नौलो कोरोना भाईरस विरुद्धको खोप, लगाउन सकिनेछ।

सेप्टेम्बर पछि सबै मानिसहरूको लागि खोप लगाउने कार्य शुरु हुने योजना छ। खोप अनिवार्य छैन र व्यक्तिगत निर्णयमा आधारित छ, तर यदि तपाईंले सूचना प्राप्त गर्नुभयो भने, किन खोप लगाउन विचार नगर्ने ?